## अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

**चौरजहारी नगरपालिका**

# स्थानीय राजपत्र

खण्ड : ५ संख्या : १७ मिति : २०७८/०७/३०

**भाग-२**

**चौरजहारी नगरपालिका**

**प्रमाणित मिति :- २०७८/०७/३०**

चौरजहारी नगरपालिका

### सुरक्षित आवासगृह (सेफ हाउस) संचालन कार्यविधि, २०७८

स्थानीय सरकार संचालन ऐन, २०७४ अर्न्तगत मुद्धामा न्याय माग्न आउने, जोखीममा परेका महिला तथा किशोरीहरु र बालबालिकालाई आवश्यकता परेको अवस्थामा सुरक्षित आवासगृहमा (सेफ हाउस) राखी त्यस्तो आवास गृहलाई व्यवस्थित ढंगले संचालन गर्ने उद्देश्यले चौरजहारी नगर कार्यपालिकाले स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२(२) बमोजिम यो कार्यविधि बनाएको छ ।

**परिच्छेद–१**

**प्रारम्भिक**

(१) संक्षिप्त नाम र प्रारम्भः कार्यविधिको नाम "सुरक्षित आवासगृह सेफ हाउस) संचालन कार्यविधि, २०७८" हुनेछ ।

(२) यो कार्यविधि चौरजहारी नगरपालिका नगर कार्यपालिकाको बैठकबाट स्वीकृती भए पश्चात तुरुन्त लागू हुनेछ ।

(३) परिभाषा : यस कार्यवधिमा विषय र प्रसंगले अर्को अर्थ नलागेमा,

३.१ "सुरक्षित आवासगृह" (सेफ हाउस) भन्नाले महिला किशोरी वा बालबालिकालाई सुरक्षित एवं व्यवस्थित ढंगले राख्न यो कार्यविधि बमोजिम तोकिएको घर कम्पाउण्डलाई सम्झनु पर्दछ ।

३.२ "नगरप्रमुख" भन्नाले चौरजहारी नगरपालिको प्रमुखलाई सम्झनु पर्दछ ।

३.३ "उप-प्रमुख" भन्नाले चौरजहारी नगरपालिका उप-प्रमुखलाई सम्झनु पर्दछ ।

३.४ "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले चौरजहारी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

३.५ “समिति” भन्नाले यस कार्यविधि बमोजिम गठन हुने समितिलाई जनाउँछ ।
३.६ “महिला किशोरी वा बालबालिका” भन्नाले हिंसा पिडीत भएका असहाय महिला किशोरी र बालबालिकाको हकमा १८ वर्ष उमेर सम्मकालाई जनाउँछ ।
३.७ “संचालन” भन्नाले यो कार्यविधि बमोजिम संचालन हुने सुरक्षित आवास गृह (सेफ हाउस) लाई जनाउँछ ।
३.८ “कार्यालय” भन्नाले नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

## परिच्छेद–२
## समिति गठन

(४) व्यवस्थापन समितिः- असुरक्षित महसुस गरी न्याय माग्न आउने महिला, किशोरी र बालबालिकाहरुलाई सुरक्षित आवासगृहमा सुरक्षित ढंगले तोकिएको समय सम्म राख्न र तत् सम्वन्धी आवश्यक व्यवस्था गर्न एक व्यवस्थापन समिति देहाय बमोजिम गठन गरिने छ ।

१.संयोजक चौरजहारी नगरपालिकाको उपप्रमुख वा उपप्रमुखले तोकेको व्यक्ति १ जना
२. सदस्य सम्बन्धित वडाको वडा अध्यक्ष १ जना
३.सदस्य न्यायायिक समितिका प्रतिनिधी १ जना
४. सदस्य दमक अस्पतालका प्रमुख तथा प्रतिनिधि १ जना
५. सदस्य ईलाका प्रहरी कार्यालयका प्रमुख तथा प्रतिनिधि १ जना
६. सदस्य आवासगृह संचालन गर्ने संस्थाका अध्यक्ष वा प्रतिनिधि १ जना
७. सदस्य महिला तथा बालबालीकाका क्षेत्रमा काम गर्ने गै.स.स. प्रमुख तथा प्रतिनिधी १ जना
८. सदस्य जग्गादाताहरु मध्ये बाट १ जना
९. सदस्य सचिव नगर कार्यपालिकाको महिला तथा बालबालीका शाखा प्रमूख १ जना

(५) व्यवस्थापन समितिको काम, कर्तब्य र अधिकार : सुरक्षित आवासगृह व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहने छ :

(१) न्यायिक समिति, प्रहरी कार्यालय र सरोकारवाला निकायबाट जोखिममा रहेका, हिंसा पिडीत महिला, किशोरी र बालबालिकाहरु पहिचान गरी आवास गृहमा राख्ने व्यवस्था गर्ने ।

(२) सुरक्षित आवास गृह सञ्चालन व्याबस्थापनका लागि प्राप्त भएको रकम र कार्य प्रगतीको प्रतिवेदन नगरपालिकामा प्रत्येक चार चार महिनामा कार्यालयमा बुझाउने ।

(३) सुरक्षित आवास गृहको सुरक्षा व्यवस्थाको अनुगमन नियमन कार्य गर्ने ।

(४) महिला, किशोरी र बालबालिकाको स्वास्थ्य सुरक्षा र कानूनी सहायता सम्वन्धी कार्य गर्ने ।

(५) महिला, किशोरी आवश्यक अन्य सीप साधन श्रोत र सुरक्षा सम्वन्धी आवश्यक प्रबन्ध गर्ने ।

(६) नगर सभाबाट तोकिएको मापदण्ड अनुसार खर्च गर्न स्विकृत गर्ने ।

(७) जोखिममा रहेका हिंसा पिडीत महिला किशोरी र बालबालिकाहरु अन्य स्थानमा पठाउनु पर्ने आबश्यकता भएमा सिफारिस गर्ने ।

चौरजहारी नगरपालिका

(८) सुरक्षित आवास गृह संचालनमा संस्थाको सिफारिसमा व्याबस्थापन समितिको सहमतिमा बजेट र कार्यक्रमको परीधिभित्र रही करार सेवामा आवश्यक विज्ञ वा कर्मचारी प्रचलित कानून बमोजिम ब्यवस्था गर्ने । तर कर्मचारी राख्नु परेमा निश्चित अवधीको लागी करार सेवामा राख्नु पर्ने छ ।

(९) सेफ हाउस संचालन व्याबस्थापनको लागि समितिले आबश्यक सहकार्य गर्न संघ संस्था छनौट गर्न सक्नेछ ।

(१०) अन्य काम कर्तव्य र अधिकार सम्बन्धित समितिको सिफारिसमा नगरपालिकाले तोके बमोजिम हुनेछ ।

(११) यो कार्यविधिबमोजिम गठित हुने समितिको पदाबधि४ बर्षको हुनेछ ।

## परिच्छेद–३
## कोषको व्यवस्थापन तथा मापदण्ड

६. कोषको व्याबस्था: हिंसा पिडीत महिला, किशोरी र बालबालिकाको सुरक्षाका लागि लैगिंक हिंसा न्यूनिकरण कोषको व्यवस्था निम्न अनुसार रहेको छ :

(१) हिंसा पिडीत महिला,किशोरी र बालबालिकाको सुरक्षाका लागि सुरक्षित आवासगृह संचालन गर्न नगरकार्यपालिकाले एउटा छुटटै लैगिंक हिंसा न्यूनिकरण कोष खडा गर्न सक्नेछ । उक्त कोषमा विभिन्न दाताहरुबाट प्राप्तहुने रकम राखीने छ । त्यस कोषमा भएको खर्च प्रतिवेदन व्यवस्थापन समितिले दुरुस्त राख्ने छ ।

(२) बैंक खाताको संचालन र अन्य हरहिसाबको लेखा परीक्षण नगर कार्यपालिकाले गर्नेछ ।

(३) यो कार्यविधि लागू हुनु अगाबै यो विषयसंग सम्वन्धित भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

७. न्यूनतम मापदण्ड : हिंसा पिडीत महिला, किशोरी र बालबालिकाको सुरक्षाका लागि न्यूनतम निम्नानुसारको मापदण्ड रहनु पर्ने व्यवस्था गरिएको छ ।

(१) आवास गृह परिसरअन्तर्गत

क) चारैतिर झट्ट कोही प्रवेश गर्न नसक्ने गरी अग्लो पर्खाल वा तारबेराले घेरिएको ।

ख) हाताभित्र गृह अनुसारको खुल्ला ठाउँ रहेको ।

ग) आवागमन नियन्त्रण गर्न सक्ने गरी बलियो प्रवेशद्धार भएको

घ) सुरक्षाको दुष्टिकोणले उपयुक्त स्थान

(२) आवास गृहमा रहने सुविधा

क) दुबैपट्टि झ्याल राखिएका हावा खेल्ने कोठाहरु

ख) प्रत्येकका लागि छुट्टाछुट्टै खाट

कोशी हरैंचा नगरपालिका

ग) प्रभावित बालबालिकाको लागि अलग्गै कोठा

घ) मनोसामाजिक विमर्श (एकथअजय(कयअष्बी ऋयगलकभष्लिन) का लागि छुट्टै कक्ष

ङ) मनोरञ्जन, अन्तरक्रिया र आमोदप्रमोदका लागि साझा कक्ष (ऋयmmयल च्यय.)

च) शौचालय तथा स्नान कक्ष

छ) साझा टेलिभिजन

ज) ठाउँ हेरी पंखा, हिटर

झ) श्रोत हेरी पर्याप्त पानी

ञ) सुरक्षाका लागि आवश्यकता अनुसार पाले पहरा ।

(३) लुगाफाटो

क) आफैले उपलब्ध गराउन नसक्नेलाईएक-एक जोर चप्पल

ख) आफैले उपलब्ध गराउन नसक्नेलाई एकसरो लगाउने लुगा ।

(४) खानेकुरा: दैनिक खानेकुराको व्यवस्था निर्देशन समितिले तोकेबमोजिम केन्द्रभित्र वा बाहिरको भोजनालयबाट व्यवस्था गर्ने गरी देहायबमोजिम हुनुपर्दछ ।

क) विहान चिया सँगै हल्का खाजा

ख) दिउँसो खाना

ग) अपरान्ह पूर्ण खाजा सँगै चिया

घ) बेलुकी खाना

ङ) मांसाहारीका लागि सातामा एकपल्ट माछा मासु तथा

च) शाकाहारीहरुको हकमा दुध, दही, फलफुल

छ) उमालेको वा अन्यथा शुद्धिकरण गरिएको खानेपानी

(५) स्वास्थ्योपचार: नगर व्यवस्थापन समितिले तोकेको अस्पतालमा संरक्षणमा लिईएका प्रभावित महिलाको स्वास्थ्योपचार गराउनुपर्दछ । स्वास्थ्योपचार तर्फ निम्न व्यवस्था सुनिश्चित गर्नु पर्दछ ।

क) प्राथमिक उपचार बाकस

ख) समस्या हेरी नियमित उपचार

ग) आकस्मिक उपचार

घ) बालबालिकाका हकमा उमेर अनुसार लगाउनु पर्ने खोप

(६) मनोसामाजिक विमर्शः व्यवस्थापन समितिले निर्धारण गरेको योग्यता हासिल गरेका विमर्शक (ऋयगलकभष्यिच) बाट देहायबमोजिम मनोसामाजिक विमर्श सेवा प्रदान गर्नु पर्दछ ।

क) संरक्षित व्यक्ति प्रत्येकलाई सातामा एकपल्ट नियमित सेवा,

ख) संरक्षित व्यक्तिको मनोदशा हेरी थप आवश्यक सेवा,

ग) सेवाग्राहीको व्यक्तिगत विवरणको गोप्यता कायम राख्ने व्यवस्था ।

(७) कानूनी सेवा : देहायमा उल्लेखित कानूनी सेवा प्रदान गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

क) प्रभावित महिलाले न्याय प्राप्त गर्न आवश्यक परामर्श र उपचारार्थ चाहेको सेवा ।

ख) प्रभावित महिलाले प्रचलित कानून बमोजिमको हक प्राप्त गर्न आवश्यक परामर्श र उपचारार्थ चाहेको सेवा ।

(८) सञ्चालनः आवास गृहको सञ्चालनमा देहायका व्यवस्था पालना गर्नुपर्दछ ।

क) प्रभावित महिलालाई ममतामय, सहानुभुतिपूर्ण एवं सम्मानजनक व्यवहार गर्नु पर्नेछ ।

ख) प्रभावित महिलाको पहिचानको आबश्यकता अनुसार गोप्यता कायम राख्ने व्यवस्थाका साथै इच्छा विपरितको कुनै पनि कार्य गर्न बाध्य पारिने छैन ।

ग) आवास गृहमा भेटघाट कक्ष भन्दा उता बस्ने अनुमति प्राप्तचिकित्सक, कर्मचारी, सफाईकर्मी लगायतका समितिले तोकेको अत्यावश्यक व्यक्ति बाहेक बाहिरका कसैलाई पनि प्रवेश मनाही हुनेछ ।

घ) सेफहाउसको व्याबस्था सम्बन्धी जानकारी सूचना बोर्ड तयार गरी राख्नुपर्नेछ ।

(९) जनशक्ति :

क) आवासगृह व्यवस्थापक एकजना पुरुष

ख) महिला वार्डेन १ जना

ग) मनोविर्मशकर्ता १ जना (केसको आधारमा वोलाइने).

घ) सफाइकर्मी आबश्यकतानुसार

(१०) अभिलेखः आवासगृहले देहायबमोजिम अभिलेख राख्नुपर्दछ ।

क) प्रभावित महिलाको नाम दर्ता किताब ।

ख) संरक्षित व्यक्तिको दैनिक हाजिरी किताब ।

ग) प्रभावित महिलाको व्यक्तिगत गोप्य फायल ।

गौरादह नगरपालिका

घ) नगर व्यवस्थापन समितिको निर्णय किताब ।

ङ) दोहोरो लेखा प्रणालीमा केन्द्रको आम्दानी खर्चको पारदर्शी लेखा तथा सो को पुष्टी गर्ने कागजात ।

च) स्वास्थ्योपचार, मनोसामाजिक विमर्श, कानुनी सेवाको विवरण खुल्ने सेवा पिच्छे लगत ।

छ) नगर व्यवस्थापन समितिले तोकेको अन्य अभिलेख ।

८. खर्च गर्ने आधारहरु : सेफहाउस सञ्चालनको लागि विनियोजीत रकमको परिधिभित्र रहि घर भाडा, मालसामान, औषधोपचार, कानूनी उपचार, फिर्ता सम्प्रेषण, खानेकुरा, मनोसामाजिक विमर्श, संचार, यातायात, कर्मचारी पारीश्रमिक , कार्यालय सामग्री , लक्षित व्यक्तिको आवास व्याबस्था लगाएत अन्य भैपरी आउने खर्चहरु समेत गर्न सकिनेछ । उक्त रकम समितिको निर्णय अनुसार समितिमा पेश गरी स्विकृत गरी लागूहुनेछ ।

## परिच्छेद–४
## अनुदान व्यवस्था

(९) जीविकोपार्जन अनुदान : (१) पिडित व्याक्तिलाइ जिविकोपार्जन अनुदानको लागि व्याबस्थापन समितिले अनुदान स्वरुप स्विकृत रकम उपलव्ध गराउने .

(२) अन्य जिल्ला वा गांउपालिका वा नगरपालिकाहरुबाट आएका हिंसापिडीत महिला,किशोरी र वालबालिकाको हकमा आबश्यक रकम सम्वन्धित स्थानीय तहबाट रकमको व्यवस्था भएको खण्डमा भुक्तानी लिने गरी अन्य स्थानका हिंसापिडीत महिला,किशोरी र वालबालिकाहरुलाई यस आवासगृहमा राख्न पनि सकिनेछ .

(१०) हिंसा प्रभावितको पुर्नमिलन र सामाजिक पुर्नस्थापना: सेवाग्राहीको सामाजिक पुनस्थापना गर्ने प्रयास गर्नेछ । त्यसका निम्ती उसका अभिभावक संग पटक पटक संस्थाका कर्मचारीले सम्पर्क गर्ने छन् । अभिभावक र निजका संरक्षकको प्रतिवद्धता लिई सके पछि निजलाई अभिभावक र गाउँका भद्र भलादमी वा समूहको रोहरवरमा घर फिर्ता गरिने छ । संस्थाले बुझाएको कागज लिई सकेपछि उक्त कागज व्यक्तिगत फाईलमा राखी निजको व्यक्तिगत फाईल बन्द गरिन्छ र फेरी पुन: अर्को पटक आएमा त्यसै फाईलबाट कारवाही अगाडी बढाईनेछ ।

## परिच्छेद–५
## विविध

(१) अन्य आवश्यक व्यवस्था : सुरक्षित आवासगृहका अन्य आवश्यक ब्यवस्था देहाय बमोजिम रहनेछ ।

१. बालिका भएमा वाल वालिकासंग काम गर्ने विभिन्न संघ/ संस्थासंग समन्वय गरी वालिकाको लामो भविष्य सम्मको लागि उचित व्यवस्था गर्ने प्रयास गरीने छ ।

(२) महिलाहरुको लागि सिप सिक्ने तालिमहरुको लागि अन्य सम्बन्धित संघ संस्थाहरुसंग सम्पर्क समन्वय राखि रिफर गरीने छ ।

घोराही नगरपालिका

(३) आवासगृहमा बसेका पिडित/प्रभावित लाई भेट्न आउने व्यक्तिले पिडितको स्वीकृति भएमा मात्र भेट्न दिनु पर्नेछ। यसरी भेट्न आउने व्यक्तिले आवासगृहका कर्मचारीलाई पहिले नै जानकारी गराई अनुमति लिनु पर्नेछ

(४) कार्यालय समय भित्र मात्र भेट्न पाईने छ ।

(५) आवासगृहमा सरोकारवाला बाहेक अन्य पुरुषहरुको प्रवेश निषेध गरिने छ ।

(६) केहि काम परि पिडित महिला बाहिर जानु परेमा आवासगृहका कर्मचारीले लैजानु पर्नेछ ।

(७) व्याबस्थापन समितिको निर्णय अनुसार अन्य व्याक्तिलाई प्रबेश गर्न दिइनेछ ।

(८) आवासगृहमा बसेको व्यक्ति सम्बन्धित घट्नाको विषयमा निश्चीत फैसला नभए सम्म आवासगृह संचालन गर्ने संस्थाको निगरानीमा रहने छ । निगरानीमा रहुन्जेल सम्म घर जाने आउने वा वाहिर गई बस्ने र फेरी सुरक्षा केन्द्रमा फर्कने गर्न पाईने छैन। पिडित संग भएको पैसा, मोवाइल लगाएत अन्य सामानहरु संस्थाले सुरक्षित राख्ने छ।

(९) आवासगृहमा बस्नेहरुका लागि सामान्य पढ्न लेख्न मन भएकाहरु छन् भने उनिहरुका लागि आवश्यक सामाग्रीहरुको व्यवस्था गरिने छ ।

(१०) पढेलेखेका महिलाहरुको लागि विभिन्न विषयसंग सम्बन्धित पुस्तक, लेख, रचना, दैनिक पत्रपत्रिकाहरु उपलब्ध गराउने छ ।

(११) यो कार्यविधि सेफहाउस सम्बन्धी प्रचलित नेपाल सरकारको कानुन संग बाझिन गएमा बाझिएको हद सम्म कार्यविधिमा लेखिएका कुराहरु अमान्य हुनेछन्।

**आज्ञाले,**
नाम : गोकुल ढुंगेल
प्रमुख प्रशासकीय अधिकृत

घोराही नगरपालिका